puthauttargangamun.gov.np
puthauttargangamun@gmail.com
9857880303, 9857880404

स्थानीय सरकार
पुथा उत्तरगङ्गा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तकसेरा, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. : २०८०।०८१
सूचना नं. : 28

मिति :२०८०।११।०८ गते
(ने. सं ११४४ सिल्लाथ्व, ११ मङ्गलबार)

**विषय: विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण अनुदानका लागि प्रस्ताव पेस गर्ने बारेको सूचना !**

सूचना प्रकाशन मितिः २०८०।११।०८ गते

श्री सम्बन्धित सम्पूर्ण सामुदायिक विद्यालयहरु,
पुथा उत्तरगङ्गा गाउँपालिका तकसेरा, रुकुम (पूर्वी भाग)।

यस पुथा उत्तरगङ्गा गाउँपालिकाको आ. व. २०८०।०८१ को शशर्त अनुदान कार्यक्रम सम्बन्धमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट मिति २०८०।०५।०५ गते स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ बमोजिम विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयहरुमा तपसिलका कार्यक्रमहरु छनौट तथा कार्यान्वयन गर्नुपर्ने भएकाले मिति २०८०।११।१५ गते सम्म यस कार्यालयमा प्रस्तावना पेस गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथैं म्याद नाघी आएका र रित नपुगेका प्रस्ताव माथि कुनैपनि कारबाही नगरिने बेहोरा अनुरोध छ।

.......................
समिर गिरी
नि. प्रमुख प्रशासकीय अधिकृत

## तपसिल

| क्र. सं. | कार्यक्रम विवरण | सङ्ख्या | प्रति कार्यक्रम रु. | विनियोजित रकम रु. | प्राथमिकता क्रममा पर्ने विद्यालयहरु |
|---|---|---|---|---|---|
| १. | विद्यालयमा पुस्तकालय तथा ICT व्यवस्थापन (फिक्सिङ, किताब खरिद तथा ई-पुस्तकालय समेत) | १ | ६ लाख ५० हजार | ६ लाख ५० हजार | १. लाइब्रेरी नभएका,<br>२. गत आवमा लाइब्रेरी व्यवस्थापन अनुदान प्राप्त नगरेका,<br>३. विद्यार्थी सङ्ख्या उच्च रहेका,<br>४. लाइब्रेरी व्यवस्थापनका लागि आवश्यक कक्षा कोठा रहेका। |
| २. | विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | १ | ६ लाख ५० हजार | ६ लाख ५० हजार | १. इन्टरनेटको पहुँच तथा विद्युतको नियमित आपूर्ति भएका,<br>२. माध्यमिक तहमा गणित, अङ्ग्रेजी र विज्ञान विषय पढाई रहेका शिक्षकको ICT का माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता भएको। |
| ३. | शैक्षिक, व्यवस्थापकीय सुधार, सुशानमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई कार्यसम्पादनमा आधारीत प्रोत्साहन अनुदान कार्यक्रम | २ | कार्यक्रम कार्यान्वयन पुस्तिका तथा गाउँ शिक्षा समितिको निर्णयानुसार | कार्यक्रम कार्यान्वयन पुस्तिका तथा गाउँ शिक्षा समितिको निर्णयानुसार | १. आधारभूत तह तर्फ १०० र मावि तर्फ २०० विद्यार्थी सङ्ख्या भएका विद्यालयहरुमध्ये सामाजिक परीक्षण मापदण्ड , २०७८ ले तोकेको विधि, प्रक्रिया र पद्धतिबमोजिम। |

**आवश्यक कागजातहरुः**

१. **विव्यस निर्णय, प्रस्तावना, वडापालिकाको सिफारिस, हालसम्म सोहि कार्यक्रम दोहोरो नपरेको विद्यालय निवेदन तथा प्रतिबद्धता।**

"समृद्ध पुथा उत्तरगङ्गा, हाम्रो एकता : सु-संस्कृत र खुशी जनता"